श्री ५ को सरकार

भूमिसुधार मन्त्रालयको

सूचना

भूमिसम्बन्धी ऐन २०२१ को दफा १२ (ङ) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारबाट सेती अञ्चल अन्तरगत कैलाली जिल्लामा उत्तर टिकापुरको जंगल, पूर्व राजिपुर र शितापुर गाउँहरूको आवादी, दक्षिण शितापुर लकमी छकरकैलार वाघमारा गाउँ-हरूको आवादी र पश्चिम कटानपुर गुलरिया मोतिनगर गाउँहरूको आवादी यति ४ किल्ला भित्रको जग्गामध्ये १००० (एकहजार) विगहा टिकापुर विकाश समितिबाट कृषि फर्मिङ्ग र नगर बसाउने कार्य गर्न १००० (एकहजार) विगहा ४।४ विगहाका दरले विभिन्न परिवार-हरूलाई वितरण गरी बसोवास गराउने र बाँकी १७३ (एकसय त्रिहत्तर) विगहा नदी नाला कुलो समेत पर्ने भएकोले सोसमेत गरी जम्मा २१७३ (दुईहजार एकसय त्रिहत्तर) विगहा जग्गा उपरोक्त कामको निमित्त प्रयोगमा रहेसम्म टिकापुर विकाश समितिको नाममा हदवन्दी-मा छुट दिइएकोले यो आदेश जारी गरिएको छ।

आज्ञाले–
रामबहादुर रावल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

भूमिसुधार मन्त्रालयको

सूचना

भूमिसम्बन्धी नियमहरू २०२१ को नियम २१ को उप-नियम (१) को खण्ड (क) र (ख) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले निम्नलिखित जिल्लाका जग्गा-वालाहरूलाई दिइने क्षतिपूर्तिको दर आवादी जग्गाको सम्बन्धमा लागेको १ (एक) वर्षको मालपोतको अङ्कको १० (दश) दोब्बर र बाँसबारी, खरबारी र अन्य आयस्ता आउने जग्गा-को सम्बन्धमा जग्गामा लागेको १ (एक) वर्षको मालपोतको अङ्कको ५ (पाँच) दोब्बर तोकि-दिएको छ।

(१) बाँके (२) सुर्खेत (३) दाङ (४) कपिलवस्तु (५) रूपन्देही (६) नवलपरासी (७) पाल्पा (८) स्यांजा (९) तनहुँ (१०) लमजुङ (११) गोर्खा (१२) कास्की (१३) बझाङ (१४) बाजुरा (१५) डोटी (१६) अछाम (१७) महोत्तरी (१८) सर्लाही (१९) धनुषा (२०) सिन्धुलीमाढी (२१) सिराहा (२२) सप्तरी (२३) उदयपुर (२४) मोरङ्ग (२५) सुनसरी (२६) कञ्चनपुर।

आज्ञाले–
रामबहादुर रावल
श्री ५ को सरकारको सचिव

आधिकारिकता भएको विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।